नेपाल राष्ट्र बैंक

वित्तीय जानकारी इकाई
सङ्क्षिप्त प्रेस नोट

Hundi (हुण्डी) विषयमा रणनीतिक विश्लेषण प्रतिवेदन, २०२६ सार्वजनिक

- वित्तीय जानकारी इकाईले 'Strategic Analysis Report, 2026: Hundi' विषयक रणनीतिक विश्लेषण प्रतिवेदन सार्वजनिक गरेको छ । उक्त प्रतिवेदन कुनै निश्चित मुद्दा (Case), संस्था (Entity) वा व्यक्ति (Person) मा केन्द्रीत नभई हुण्डीको प्रवृत्ति (Trends), प्रकार (Typologies) तथा विधि (Methods) को पहिचान तथा विश्लेषणमा केन्द्रीत रहेको छ ।
- प्रतिवेदनको मुख्य उद्देश्यहरु हुण्डीको प्रवृत्ति तथा विधिको विश्लेषण गर्नुको साथै हुण्डी कारोबारमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानीको जोखिमको बुझाइमा अभिवृद्धि गर्नु, हुण्डी कारोबार सम्बन्धी Red-flag indicators अद्यावधिक गर्नु एवं सम्बद्ध निकाय तथा सरोकारवालाहरुलाई हुण्डी नियन्त्रणको लागि चाल्नुपर्ने कदमहरु सिफारिस गर्नु रहेको छ ।
- विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरुले गरेको अध्ययनमा हुण्डी कारोबारमार्फत् मानव तथा लागु औषध तस्करी, भ्रष्टाचार, करछली जस्ता आपराधिक कार्यबाट आर्जित सम्पत्तिलाई शुद्धीकरण गर्ने तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी हुने जोखिम रहेको देखिएको छ । साथै हुण्डी कारोबारको फर्स्यौट Bilateral Offsetting तथा Settlement through value मार्फत् हुने गरेकोमा पछिल्लो समयमा Formal bank-based channels तथा Digital-based channel मार्फत् हुने क्रम बढेको देखिएको छ ।
- प्रतिवेदनमा वित्तीय जानकारी इकाईको goAML प्रणालीमा सन् २०२५, जनवरी ०२ देखि २०२६, जुलाईसम्म प्राप्त हुण्डीसम्बन्धी शङ्कास्पद कारोबार/गतिविधि प्रतिवेदन (STRs/SARs) लाई विस्तृत विश्लेषण गरिएको छ । उक्त विश्लेषणबाट युवा वर्ग (२५ देखि ४४ वर्षका उमेर समूहका) एवं खुदा व्यापार गर्ने तथा विप्रेषण कारोबारमा संलग्न सबएजेण्टहरु हुण्डी कारोबारमा बढी संलग्न हुने गरेको देखिएको छ ।
- नेपालमा हुण्डी कारोबार सम्बन्धी विधिमा Mule Account को प्रयोग गर्ने, नगदको सीमा छल्नेगरी टुक्र्याएर नगद जम्मा गर्ने, कानूनी व्यक्तिको प्रयोग गर्ने, क्रिप्टोकरेन्सीको प्रयोग गर्ने, नगद ओसारपसार गरी भुक्तानी गर्ने, विप्रेषण कारोबार गर्ने सबएजेण्टको प्रयोग हुने, डिजिटल प्रविधिको प्रयोग गर्ने लगायत देखिएको छ ।
- प्रतिवेदनले सूचक संस्था (Reporting Entities), नियामक/सुपरिवेक्षक, कानुन कार्यान्वयन गर्ने निकाय एवं नीति निर्माण तथा समन्वय गर्ने निकायहरुलाई लक्षित सुझावहरू प्रस्तुत गरेको छ, जसमा STRs/SARs को गुणस्तर सुदृढीकरण, जोखिममा आधारित निगरानी, अन्तरनिकाय समन्वय, प्राविधिक क्षमता अभिवृद्धि तथा जनचेतना विस्तार आदि समावेश छन् ।

२०८३ मंसीर ११ गते
27 November 2026

वित्तीय जानकारी इकाई
FIU-Nepal

Link: FIU-Report-Strategic-Analysis-Report-on-Hundi-2026-Final-for-Publication.pdf